# बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान (सिजप)
## Children as Zones of Peace National Campaign (CZOP)

नयाँ बानेश्वर, थापागाउँ

०१ ५२४४०६२


### बाल अनुकूल न्यायको सुनिश्चितता तथा बाल सुधार गृहको उचित व्यवस्थापन सम्बन्धी सिजपको विज्ञप्ति

भक्तपुर स्थित बाल सुधार गृहमा किशोरको मृत्यु भएपछि सिर्जित तनावको स्थितिमा सुधार हुन नपाउँदै बीरगञ्जको बाल सुधार गृह तनावग्रस्त हुनु तथा सो अवस्थामा समेत सुधार हुन नपाउँदै आज बाँके जिल्लाको बाल सुधार गृहमा झडप हुँदा १ जनाको मृत्यु तथा १० जना घाइते शीर्षकमा सञ्चारका विभिन्न माध्यमहरुबाट समाचार प्रकाशन तथा प्रसारण हुनुप्रति यस बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान (सिजप) को गम्भीर ध्यानाकर्षण भएको छ। पछिल्ला दिनहरुमा बाल सुधार गृहमा श्रृंखलावद्द रुपमा घटिरहेको घटनाले नेपाल सरकारले बाल सुधार गृहको व्यवस्थापनमा उदासिनता देखाएको एवम् बाल संवेदनशीलतालाई वेवास्ता गरेको प्रष्ट हुन्छ। यो घटनाले बाल अधिकारको संरक्षण तथा प्रवर्धनका क्षेत्रमा गम्भीर प्रश्न खडा गर्नुका साथै नेपालले बाल अनुकूल न्यायको लागि गरेको संवैधानिक, कानूनी तथा नीतिगत व्यवस्थाको गम्भीर उल्लंघन भएको, बाल सुधार गृहको विषयमा अवधारणात्मक स्पष्टता नभएको, बाल सुधार गृहको न्यूनतम व्यवस्थापनमा समेत ख्याल नगरिएको प्रष्ट पार्दछ। तसर्थ, उक्त घटनाको यथाशक्य चाँडो वस्तुगत तथा निस्पक्ष छानबीन गरी दोषीमाथि कडा भन्दा कडा कारवाहीका साथै आगामी दिनमा यस्ता घटनाहरु हुन नदिन बाल सुधार गृहको उचित व्यवस्थापनका लागि नेपाल सरकारका सम्बद्द निकायसँग यस अभियान जोडदार माग गर्दछ।

नेपालको संविधानको धारा ५१ को खण्ड (ञ) (५) ले बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिक रुपमा ध्यान दिने नीतिलाई राज्यको मूल नीतिको रुपमा स्वीकार गरेको छ। यसैगरी संविधानको धारा ३९ को उपधारा (८) मा बाल अनुकूल न्यायको हक सुनिश्चित गरिएको छ। यसैगरी बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४३ मा कानूनको विवादमा परेका बालबालिकाको सुधार र पुनः स्थापना नभएसम्मका लागि बाल सुधार गृह सम्बन्धी व्यवस्था उल्लेख छ। सोही दफाको उपदफा (४) मा अठार वर्ष उमेर पुगेका बालबालिकाको हकमा अन्य बालबालिकासँग अलग राख्नुपर्ने र दफा २७ मा दिशान्तरको व्यवस्था उल्लेख भएको छ। यसैगरी बालबालिका सम्बन्धी नियमावली २०७८ को नियम १८ को उपनियम (३) मा बाल सुधार गृहमा बालमैत्री वातावरण हुनुपर्ने, नियम २९ र ३१ मा स्वास्थ सम्बन्धी सेवाको उपलब्धता, नियम ३६ मा बालसंरक्षण मापदण्डको तर्जुमा गर्नुपर्ने, नियम ४१ मा बाल सुधार गृहको सुरक्षा सम्बन्धी व्यवस्था उल्लेख भएको छ। यी र यस्ता कानूनी तथा नीतिगत व्यवस्थाका बाबजुद पनि भक्तपुर, पर्सा र नेपालगञ्जस्थित बाल सुधार गृहमा श्रृंखलाबद्द रुपमा भएको घटनाले बाल अनुकूल न्याय तथा बाल सुधार गृहको व्यवहारिक कार्यान्वयन तथा व्यवस्थापनमाथि गम्भीर प्रहार भएको छ। अर्कोतिर यस्ता घटनाहरुले समाजमा पार्ने नकारात्मक असर, सुधार गृहमा नै रहेका अन्य बालबालिकामाथि पर्न सक्ने नकारात्मक प्रभावलाइ पनि कम आकलन गर्न सकिन्न।

श्रृंखलाबद्द रुपमा भैरहेका घटनाको सत्य तथ्य छानविन हुनु पर्ने, दोषीमाथि कडा भन्दा कडा कारवाही हुनुपर्ने, बाल संरक्षण मापदण्डको अनिवार्य तर्जुमा तथा कार्यान्वयनमा जोड दिनुपर्ने, बाल सुधार गृहको न्यूनतम मापदण्ड कार्यान्वयन भए नभएको नियमन हुनुपर्ने तथा दिशान्तरमा जोड दिनुपर्ने विषयमा यस अभियान सम्बद्द सबैमा हार्दिक अनुरोध गर्दछ। साथै बालबालिकाको हक, हित र अधिकारको सम्मान, संरक्षण तथा सम्बर्धनका लागि नेपाल प्रतिवद्द छ भन्ने सन्देश विश्वसामु पुर्याउन समेत हामी सरकारको ध्यानाकर्षण गराउँदछौं।

मीना शर्मा

मीना शर्मा
अध्यक्ष

तिलोत्तम पौडेल
महासचिव

मिति २०८० आश्विन ५ गते